# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः३) पञ्चकन्या, श्रावण महिना २९ गते, २०७६ साल (संख्याः ३**

**भाग–२**

## गर्भवती तथा सुत्केरी महिलाहरुका लागि गर्भवती तथा सुत्केरीको साथि उपाध्यक्ष कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७६

**पृष्ठभूमी**

पञ्चकन्या गाउँपालिका गर्भवती तथा मातृशिशु स्वास्थ्य र पोषण सेवाको दृष्टिले समेत चुनौतीपूर्ण पालिकाहरु मध्ये पर्दछ । पालिका भित्रका विकट गाउँ तथा समुदायका महिलाहरुमा अझपनि कम उमेरमा गर्भवती हुने, गर्भवती भएको कुरा आफन्त, वरपर तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुसँग सर सल्लाह गर्न लजाउने, गर्भवती भए पश्चात गर्भजाँचको लागि स्वास्थ्य सँस्थामा कमै आउने वा आउनुपर्ने समयमा नआउने र घरमै सुत्केरी हुने जस्तो समस्याहरु हाल पनि विद्यमान छन् । यहि अवस्था रहि रहने हो भने पञ्चकन्या गाउँपालिका भित्रका आमा र बच्चाहरुको स्वास्थ्य अवस्था सुधार्ने कार्य अझै चुनौतीपूर्ण बन्न जाने निश्चित छ । साथै राज्यले मातृशिशु स्वास्थ्य र पोषणमा क्षेत्रमा लिएको लक्ष्य उद्देश्य पुरा गर्न समेत कठिनाई उत्पन्न हुने देखिन्छ । यस गाउँपालिका भित्र आर्थिक बर्ष २०७५/०७६ मा स्वास्थ्य सँस्थाहरुले सेवा दिनुपर्ने संभावित गर्भवतीको संख्या जम्मा ४२७ जना हुनसक्ने आंकलन गरिएको छ । समयक्रममा यो सँख्यामा केहि थपघट हुनसक्ने भएपनि पालिकाका सबै वडा भित्रका गर्भवती महिलाहरुको पहिचान गरि नीजहरुलाई दिनुपर्ने स्वास्थ्य र पोषण सम्बन्धि सेवाको पहुँच र उपलब्धतामा बृद्धि गर्न, महिलाहरुको स्वास्थ्य र पोषण सम्बन्धि परम्परागत ब्यवहारलई परिवर्तन गर्दै गर्भजाँच गर्ने कार्यलाई अति संवेदनशील तथा अत्यावश्यक कार्यको रुपमा कार्यान्वयन गर्न र सँस्थागत सुत्केरी गर्ने गराउने कार्यलाई प्रोत्साहन गरि सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन यस गाउँपालिकाले **गर्भवतिको साथी उपाध्यक्ष** कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन **गर्भवति तथा सुत्केरीको साथी उपाध्यक्ष कार्यक्रम** कार्यान्वयन गर्न लागेको हो ।

**कार्यक्रमको स्वरुपः**

गर्भवति तथा सुत्केरीको साथी उपाध्यक्ष कार्यक्रम अन्तरगत एक जना गर्भवति महिला पहिलो पटक आफ्नो गर्भ जाँच गराउन आफुलाई पायक पर्ने स्वास्थ्य सँस्थामा आउँदा निजले आफ्नो गर्भ परिक्षण भएपश्चात निज गर्भवति महिलालाई गर्भ रहेको चौथो महिनाको सुरुवातबाट आफ्नो गर्भ जाँच गराउन स्वास्थ्य सँस्थामा आए वापत हरेक पटकको जाँचमा अण्डा उपलब्ध गराईने छ। निज गर्भवती महिलालाई नेपाल सरकारको प्रोटोकल बमोजिम चार, पाँच, छ, सात आठ र नौ गरि न्युनतम छ पटकको गर्भजाँचमा एक पटक गर्भ जाँच गरे वापत १ केट (३० वटा) अण्डा र ३० चक्की क्याल्सियम र सुत्केरी आमालाई (स्वास्थ्य संस्थामा सुत्केरी हुनेलाई मात्र) १ केट (३० वटा) अण्डा र ४५ चक्की क्याल्सियम सम्बन्धित स्वास्थ्य सँस्थाबाट उपलब्ध गराइने छ ।

**कार्यक्रमको उद्देश्यः**

**यस कार्यक्रमको निम्मलिखित उद्देश्यहरु हुनेछन् ।**

- पालिका भित्रका गर्भवति महिलाहरुको स्वास्थ्य सँस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाको पहुँच र उपलब्धतामा बृद्धि गर्ने ।
- गर्भवति महिलाको घरधुरी पहिचान गरि गर्भावस्थामा दिनुपर्ने परामर्शलाई थप प्रभावकारी बनाउँदै स्वास्थ्य सँस्थामा सेवा लिन आउने बानीको बिकास गराउने ।
- गर्भवती महिलालाई स्वास्थ्य सेवा लिनका लागि प्रोत्साहित गर्दै घरमै सुत्केरी हुने र हुदाँ भोग्नुपर्ने जोखिमलाई न्युनिकरण गर्ने ।
- स्वास्थ्य सँस्थामा सुत्केरी हुने कार्यलाई प्रबर्द्धन गर्दै मातृशिशु स्वास्थ्यमा सुधार ल्याउने ।
- गाउँपालिकालाई पूर्ण सँस्थागत सुत्केरीको रुपमा घोषणा गर्नेकार्यमा सहयोग गर्ने ।

**कार्यक्रम कार्यान्वयनका लागि सहभागी निकायहरु**

यो कार्यक्रम पूर्णतया पञ्चकन्या गाउँपालिकाको अगुवाइमा त्यस कार्यालयको स्वास्थ्य शाखाबाट सञ्चालन हुनेछ । यस कार्यक्रमको सफल कार्यान्वयनमा गाउँपालिकालाई गाउँपालिका भित्रका सबै स्वास्थ्य सँस्थामा कार्यरत स्वास्थ्यकर्मिहरु, सम्बन्धित वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरु तथा पञ्चकन्या गाउँपालिका भित्र कार्यरत सुआहाराका कर्मचारीहरुले सहयोग गर्नेछन् । गर्भवति तथा सुत्केरी महिलालाई निःशुल्क अण्डा र क्याल्सियम चक्की उपलब्ध गराउने दायित्व सम्बन्धित स्वास्थ्य सँस्थाको हुनेछ । पञ्चकन्या गाउँपालिका स्तरिय पोषण तथा खाद्य

सुरक्षा निर्देशक समितिले आवधिक रुपमा यस कार्यक्रमको अनुगमन गरि कार्यक्रमको अवस्था तथा प्रभावकारीताका सम्बन्धमा गाउँपालिकालाई प्रतिवेदन पेश गर्नेछ ।

**सहभागी निकायहरुको भूमिका तथा कार्यान्वयन विधी**

**गाउँपालिका**

**कार्यक्रमको कार्यान्वयनमा पञ्चकन्या गाउँपालिकाको भूमिका निम्नानूसार हुनेछः**

- एक दिने भेला आयोजना गरि कार्यक्रम तथा सो को कार्यान्वयन विधी बारे पालिका भित्रका हरेक स्वास्थ्य सँस्थाबाट दुई जना स्वास्थ्यकर्मीलाई अभिमुखिकरण गर्ने ।
- गर्भवति तथा सुत्केरीको साथी उपाध्यक्ष कार्यक्रम कार्यक्रममा लाग्ने बजेटको ब्यवस्था गर्ने तथा कार्यक्रमको अगुवाई गर्ने ।
- स्वास्थ्य सँस्थाका कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने
- गाउँपालिकाभित्रका स्वास्थ्य र पोषण प्रबर्द्धनमा कार्यरत अन्य गैर सरकारी सँस्था वा परियोजनाहरुसँग आवश्यक समन्वयका लागि नेतृत्व गर्ने ।
- कार्यक्रमको आवधिक अनुगमन तथा मुल्याङ्कन गरि सम्बन्धित निकायहरुलाई कार्यक्रमको अवस्था, प्रभावकारीता र चुनौतीबारे आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने ।

**सुआहारा तथा अन्य संस्थाबाट सञ्चालित परियोजनाः**

**सुआहारा तथा गाउँपालिका भित्र स्वास्थ्य र पोषणको क्षेत्रमा कार्यरत अन्य संघ सँस्थाहरुले निम्न भूमिका निर्वाह गर्नेछन्:**

- कार्यक्रमबारे गर्भवती महिलाहरुलाई जानकारी दिने, कार्यक्रमको प्रभावकारीता, गर्भवती महिलालाई यो कार्यक्रमको आवश्यकता बारे प्रष्ट पार्ने र यस्को फाइदाबारे घरधुरी भेट तथा समुदाय स्तरमा सञ्चालित कार्यक्रमहरुमा प्रचार प्रसार गर्ने ।
- पालिकाभित्र सम्बन्धित वडाका सबै वडाहरुमा भएका गर्भवति महिलाहरुको निश्चित सँख्या यकिन गरि स्वास्थ्य सँस्थालाई सो तथ्याङ्क उपलब्ध गराउने ।
- पहिचान भएको गर्भवति महिलालाको घरलाई प्राथमिकता दिई घरभेट तथा परामर्शकार्य लाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्ने ।
- कार्यक्रमको सफल कार्यान्वयनका लागि स्वास्थ्य कर्मी, महिला स्वास्थ्य स्वयंसेविका र आवश्यकता अनुसार गाउँपालिकाको स्वास्थ्य शाखा समेतलाई आवश्यक प्राविधिक सहयोग गर्ने ।

**स्वास्थ्य सँस्था**

**गाउँपालिका भित्रका सबै वडाका स्वास्थ्य सँस्थाहरुले देहायका भूमिका निर्वाह गर्नेछन्:**

- गर्भ जाँच गराउन आउने महिलालाई प्रथम पटकको गर्भजाँच पश्चात सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयंसेविकाको मद्दत लिई निजलाई पुनः सेवालिन आउनको लागि प्रेरित गार्न लगाउने ।
- सके सम्म स्थानिय स्तरमा उत्पादन गरएिको कृषकको अण्डा खरिद गर्ने ।
- हरेक पटकको गर्भजाँच पश्चात निज महिलालाई १ क्रेट अण्डा र ३० चक्की क्याल्सियम दिने ।
- अण्डा प्राप्त गर्ने गर्भवती महिलालाई अण्डा सेवनको फाइदाबारे बताउँदै अण्डाको दुरुपयोग हुन नदिने तर्फ सावधान गराउने ।
- अण्डा प्राप्त गर्ने महिलाले प्रत्येक गर्भजाँचमा पाएको अण्डाको स्पष्ट अभिलेख राख्ने र गाउँपालिकालाई आफ्नो नियमीत प्रतिवेदनसँगै सो अभिलेखको पनि प्रतिवेदन गर्ने ।
- गर्भ जाँच गराउने महिलालाई हरेक पटकको गर्भजाँचमा आफ्नो पति वा पति नभएको खण्डमा परिवारका कोहि जिम्मेबार सदस्यको साथमा स्वास्थ्य सँस्थामा आउन लगाउने ।
- कार्यक्रमको कार्यान्वयनको अवस्था तथा प्रभावकारीताबारे गाउँपालिकालाई प्रतिवेदन गर्ने ।

**वडा कार्यालयः**

- आफ्नो वडा भित्रका स्वास्थ्य सँस्थामा यो कार्यक्रम प्रभावकारी तरिकाले लागू भए नभएको यकिन गरि नभएको भए कारण पत्ता लगाई कार्यक्रमको प्रभावकारिता बढाउने ।
- गर्भ जाँच गराउन आउने महिलाले तोकिएको सँख्यामा अण्डा र क्याल्सियम चक्की पाए नपाएको निश्चित गर्ने र समयमा अण्डा र क्याल्सियम चक्की उपलब्ध गराउन स्वास्थ्य सँस्थालाई निर्देशन दिने ।

**महिला स्वास्थ्य स्वयंसेविका**

- आफ्नो वडाका गर्भवति महिलाहरुलाई कार्यक्रमबारे जानकारी गराउने र गर्भजाँच गर्न स्वास्थ्य सँस्थामा जान प्रेरित गर्ने ।
- गर्भवती महिलाहरुको स्पष्ट अभिलेख राख्ने र आवश्यकता अनुसार पालिका, वडा तथा स्वास्थ्य सँस्थालाई उपलब्ध गराउने ।
- कारणबस कुनै गर्भवतीको गर्भ खेर गएमा अन्य कुनै दुर्घटना भएको सो को जानकारी आवश्यकता अनुसार वडा, स्वास्थ्य सँस्था वा पालिकालाई गराउने ।
- नीज गर्भवतीको घरभेटमा जाँदा नीजले आफुले प्राप्त गरेको अण्डा र क्याल्सियम चक्की नियमित खाए नखाएको यकिन गर्ने र घरमा अण्डा र क्याल्सियम चक्की को दुरुपयोग हुनसक्ने तर्फ सचेत गराउने ।

**कार्यक्रम कार्यान्वयन बिधीः**

यस कार्यकमको कार्यान्वयन विधी तलको चित्रमा उल्लेख भए बमोजिम हुनेछ।




अण्डा सहित घर फर्किदै　　　　स्वास्थ्यकर्मीद्वारा सामुहिक परामर्श

**कार्यक्रमको अनुमानित खर्च**

यस आर्थिक बर्षमा पञ्चकन्या गाउँपालिका भित्र संभावित गर्भवती तथा सुत्केरीको सँख्या २१५ भनि आँकलन गरिएको मा प्रति महिला १८० वटा अण्डाको प्रदान गर्दा प्रति गोटा रु. १८ को दरले जम्मा रु. 215*180*18= 696600 हुन आउँछ ।

**आज्ञाले**

**नरेश पुडासैनी**

**प्रमुख प्रशासकीय अधिकृत**